निर्णयहरुः

१. यस नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०३/१० गतेको बैठकबाट सर्वसम्मत रुपमा स्वीकृत गरि दोस्रो नगर सभाको आठौं अधिवेशनबाट अनुमोदनका लागि पेश गरिएको तपशिलको वार्षिक नीति तथा कार्यक्रम, २०८० माथि दफावार छलफल गरि बहुमतमा अनुमोदन भएको घोषणा गरियो ।

# वार्षिक नीति तथा कार्यक्रम,२०८०

**बुढीनन्दा नगरपालिकाको दोस्रो नगरसभा तथा आठौं अधिवेशनमा उपस्थित**

**नगरपालिकाका उप-प्रमुख ज्यू,**

**उपस्थित सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु,**

बुढीनन्दा नगरपालिकाको गरिमामय दोस्रो नगरसभा तथा आठौं अधिवेशनमा सभाध्यक्षको हैसियतले स्थानीय सरकारको आर्थिक बर्ष ०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम दोस्रो पटक प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । मुलुकमा विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन,सशस्त्र संघर्ष र विभिन्न राजनैतिक आन्दोलनहरुमा देशको राष्ट्रियता,सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाभिमान, प्रजातन्त्र र आम सरोकारका विषयहरु उठान गर्ने क्रममा आफ्नो जीवनको बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहीदहरुप्रति उच्च सम्मानका साथ श्रद्धासुमन प्रकट गर्दछु ।

नगरको समग्र विकासका लागि सबै पक्षहरुको राय, सुझाव तथा सल्लाह अनुसार जनताका आधारभूत माग सम्बोधन गर्न स्थानीय सरकारवाट जनतालाई सरकार भएको आभाष दिलाउन भूगोल,इतिहास, आस्था र सबैखाले संस्कृतिसहितको समुदायहरुलाई न्याय र समता सहितको न्यायोचित व्यवहार हुने छ भन्ने विश्वास दिलाउन चाहन्छु । देशका विद्यमान कानुनहरु,स्थानीय सरकार सञ्चालन ऐन,अन्तरसरकारी बित्त व्यवस्थापन सम्बन्धमा बनेका ऐन, लगायत स्थानीय सरकारका सरोकारका विषयगत ऐन, नियमावली र मापदण्डहरु र नगरवासीहरुसँग प्रत्यक्ष जोडिएका सरोकारका विषयहरुलाई केन्द्रबिन्दुमा राखीं आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

नगरवासीहरुले विकासको अनुभूति गर्ने गरि स्थानीय सरकारले सञ्चालन गर्ने कार्यक्रमहरु संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरु सबैको सहज पहुँच, सुशासनमुखी, जनउत्तरदायी र पारदर्शीताको विषयहरुलाई सहकारी र निजीक्षेत्रसंगको सहकार्यमा सञ्चालनहुने गरिने कार्यक्रमहरुको नीति अनुरुप सफल कार्यान्वयन गर्न सबै क्षेत्रसंग सहअस्तित्वको अवधारणा अनुरुप कामलाई अगाडि बढाईने छ । यस सम्मानित सभामा विभिन्न क्षेत्रगत रुपमा अलम्बन गरिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

जनक कुमार बोहरा
नगर प्रमुख

## १. शिक्षा सम्वन्धी नीतिः

१. स्थानीय पाठ्यक्रम निर्माण भैसकेकाले सो को आधारमा पाठ्यपुस्तकको प्रकाशन गरि लागू गरिने छ ।

२. शिक्षा क्षेत्रमा रहेको विद्यमान समस्याहरुको समाधान गरि शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्न र गुणस्तरीय तथा व्यावसायिक शिक्षा प्रदान गर्नको लागि दिर्घकालीन, मध्यकालीन र अल्पकालीन शैक्षिक योजना निर्माण गरि कार्यान्वयन गरिने छ ।

३. कक्षा ११ र १२ को शैक्षिक कार्यक्रम लाई निःशुल्क रुपमा सञ्चालन गरिने छ ।

४. नगरपालिका भित्रका विद्यालयहरुलाई सक्षमताको विभिन्न आयामको आधारमा मापदण्ड वनाई क, ख, ग र घ गरि ४ वर्गमा स्तरीकरण गरिने छ र सोही आधारमा सुधारका कार्यहरु सञ्चालन गरिने छ ।

५. विगतमा नगर शिक्षक, करार, अनुदान, इसिडी स.का. र राहत शिक्षक नियुक्तिमा देखिएको राजनितीकरणलाई पुर्णरूपमा अन्त्य गरि योग्यता, क्षमताको आधारमा शिक्षक नियुक्ति, हेरफेर र विद्यार्थी अनुपात तथा विषयगत शिक्षकको आधारमा शिक्षकहरूको व्यवस्थापन तथा दरवन्दी मिलान गरिने छ ।

६. विद्यार्थी संख्या, भौगोलिक विकटता र विद्यालयको शैक्षिक उपलब्धिका आधारमा विद्यालयहरूलाई गाभ्ने (समायोजन) गरिने छ । विद्यालयको सेवाक्षेत्रको निश्चित टोलहरुमा आमा तथा अभिभावक शिक्षा संचालन गरिने छ ।

७. विगतका शैक्षिकसत्रहरुमा नगरमा सिकाइ उपलवब्धि न्यून देखिएकाले सिकाई उपलव्धी वृद्धि गर्न २ वटा सुधारात्मक योजना नीति* अवलम्वन गरिने छ । (१) कक्षा इ.सि.डी., कक्षा १ र कक्षा २ मा न्यूनतम सिकाई उपलव्धी मापदण्ड तयार गरि लागू गरिने छ उक्त मापदण्ड सवै विद्यालयहरुले अनिवार्य रुपमा पूरा गर्नु पर्ने छ। (२) कक्षा ३ देखि कक्षा १० सम्म का विद्यार्थी हरु मध्ये कक्षा धान्न नसक्ने विद्यार्थीहरुको पहिचान गरि नेपाली, अंग्रेजी गणित र विज्ञान विषयहरुमा उपचारात्मक वा सुधारात्मक कक्षाहरु सञ्चालन गरि विद्यार्थीहरुलाई कक्षा धान्न सक्षम वनाईनेछ ।

८. यसै शैक्षिकसत्र देखि नगरपालिकाभित्र को परीक्षा प्रणाली लाई स्तरीयता कायम गरि एकरुपता ल्याउन कक्षा ३, ५ र ८ मा नगर स्तरीय परीक्षा सञ्चालन गरिने छ र विद्यार्थी निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी व्यवस्थीत गरिने छ ।

९. नगरपालिका भित्रका विद्यालयहरुमा कार्यरत प्रधानाध्यपक र विव्यसअध्यक्षहरुलाई अध्ययन अवलोकन गराई भ्रमणबाट प्राप्त सकारात्मक पक्षको कार्यान्वयन गर्ने भनी कवुलियतनाममा गराईने छ ।

१०. आवश्यकता को आधारमा माद्यामिक विद्यालयको भौतिक पूर्वाधार निर्माणको लागि डि.पि.आर. तयार गरिने छ ।

११. जनप्रकाश मावि कोल्टीमा सव इन्जिनियरिङ शिक्षा र वाँधु मा.वि.मा कृषि प्राविधिक शिक्षा व्यवस्थित गरि पठनपाठन कार्यलाई सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।

जनक कुमार बोहरा
नगर प्रमुख

१२. जन प्रकाश मावि, कोल्टीको भारतीय राजदूतावासको सहयोगमा निर्माणाधीन अलपत्र भवनहरुको निर्माण कार्य तत्काल संचालन गर्न निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

१३. उत्कृष्ट सामुदायिक विद्यालय, उत्कृष्ट प्रअ, उत्कृष्ट शिक्षक र उत्कृष्ट वि.व्य.स. अध्यक्षलाई प्रत्येक शै.स.को अन्त्यमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिने छ ।

१४. प्रत्येक विद्यालयमा शिक्षक तथा कर्मचारीहरुको लागि विद्युतीय हाजिरीको व्यवस्थापन र सञ्चालन गरिने छ ।

१५. अनुगमन कार्यलाई प्रभावकारी र नियमित गर्न नगरस्तरीय अनुगमन समिति बनाई वर्षमा कम्तिमा ४ पटक पालिका भित्रका सवै विद्यालयहरुमा अनुगमन गरिने छ साथै प्रत्येक दिनमा नगरपालिकावाट टेलिअनुगमन गरि नगरपालिका भित्रका सवै विद्यालयका शिक्षकहरुको नगर शिक्षा शाखामा हाजिरी रुजू गर्ने र विद्यालय शैक्षिक क्रियाकलापका सवालमा छलफल गर्ने व्यवस्था गरिने छ ।

१६. नगरपालिका स्तरमा विद्यार्थीहरुको सृजनात्मक कलाको अभिवृद्धि गर्न नगरस्तरमा नृत्य, गीत र संगीत र खेलकूद सम्वन्धी कक्षाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनुका साथै उत्कृष्ट विद्यार्थीहरुलाई राष्ट्रिय तथा क्षेत्रीय प्रतियोगिमा सहभागी गर्न आवश्यक सहयोग प्रदान गरिने छ ।

१७.प्रत्येक विद्यार्थी र समुदायलाई शारिरीक मानसिक रुपमा स्वस्थ राख्न प्रत्येक विद्यालयमा योगशिविर सञ्चालन गरिने छ।

१८.ईसिडि स.का. हरुलाई अनिवार्य मन्टेश्वरी तालिमको व्यवस्थापन र प्रत्येक ईसिडी कक्षाहरुको सुविधायुक्त वसाई व्यवस्थापन गरिने छ ।

१९.उच्च शिक्षा अध्ययनको लागि विद्यार्थीहरुलाई क्याम्पस र क्याम्पस अन्तरगत विभिन्न संकायहरुको जानकारी, सहजीकरण र परामर्शका लागि सूचना केन्द्रको स्थापना गर्ने ।

२०.प्रत्येक शैक्षिक सत्रमा प्राविधिक उच्च शिक्षा (ईन्जिनियरिङ, कृषि, मेडिकल, वन आदि) मा अध्ययनको लागि सामुदायिक विद्यालय अध्ययन गरेका महिला हलिया, खलिया भोटेजनजाति, मुस्लिम, द्वन्द पिडीत र अन्य विपन्न परिवारका उत्कृष्ट विद्यार्थीहरुमध्येवाट वार्षिक रुपमा कम्तीमा २० जना विद्यार्थीहरुलाई नगर प्रमुख छात्रवृत्ति प्रदान गरि कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२१.अनाथ तथा अति विपन्न परिवारका वालवालिकाहरुको शिक्षा पहुँचलाई मध्यनजर गर्दै नगरपालिकाले आवासिय विद्यालय घोषण गरेको सिद्धेश्वरी आ.वि. को लागि आवासिय विद्यालय कार्यक्रमलाई सुदृढ गर्दै निरन्तरता दिईने छ ।

२२.जनप्रकाश मावि र सत्य माविमा टाढावाट पढ्न आउने विद्यार्थीहरुलाई मध्यनजर गर्दै आवासिय छात्रवासको लागि पहल गरिने छ ।

२३.शैक्षिक सत्र २०८१ देखि नगरपालिका भित्रका आधारभूत मापदण्ड पूरा गरेका ५ वटा विद्यालयमा अंग्रेजी भाषाको माध्यमवाट पठनपाठन कार्य सञ्चालन गरिने छ ।

जनक कुमार बोहरा
नगर प्रमुख

२४.नगरपालिकाभित्र संचालित सामुदायिक विद्यालयको विद्यालय प्रशासन र शैक्षिक गुणस्तर कायम गर्न प्रधानाध्यापक र नगरपालिका विच १ वर्षको कार्यसम्पादन करार गर्ने र प्रधानाध्यापकले आ-आफ्नो विद्यालयका प्रत्येक शिक्षकहरुसँग कार्यसम्पादन करार गर्ने नीतिगत व्यवस्था गरिने छ ।

२५.नगरपालिका, प्रधानाध्यापक र वि.व्य.स.को वैठक तथा अन्तरक्रिया वर्षमा कम्तिमा ३ पटक सञ्चालन गरिने छ ।

२६. नगर स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिने छन् ।

२७. आवश्यकताको आधारमा विद्यालय शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

२८. कक्षा ५, ८, १० र १२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी लाई पुरस्कृत र सम्मान गरिने छ ।

२९.आवश्यकताको आधारमा विद्यालयहरुमा भवन, घेरवार, शौचालय, खानेपानी, विज्ञान प्रयोगशालाला, आई.सि.टी. प्रयोगशाला, फर्निचर आदि भौतिक पूर्वाधार को व्यवस्थापन गरिने छ ।

३०.विद्यालयहरुमा आवश्यकता र कार्यक्षमताको आधारमा प्रधानाध्यापकको हेरफेर गरिने छ ।

३१.प्रत्येक विद्यालयलाई क्रमशः प्रविधि मैत्री सिकाई क्रियाकलाप सञ्चालन गर्दै लगिने छ ।

३२.प्रत्येक विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको व्यवस्थापन गरिने छ ।

३३.नगरपालिका भित्रको १ मात्र क्याम्पस वुढीनन्दा क्याम्पसको गुणस्तर सुधार गर्न आवश्यक पहल र कार्य गरिने छ ।

३४.संस्थागत विद्यालयहरुको प्रभावकारी नियमन गरिने छ ।

३५.शिक्षाको गुणस्तर वृद्धिमा सहयोग पुर्याउन प्रत्येक टोलमा टोल शिक्षा समिति र प्रत्येक वडामा वडा शिक्षा समिति गठन गरिने छ ।

३७.**"स्वावलम्वी शिक्षा उज्वल भविष्यको प्रतिक्षा"** मूल नाराका साथ सबै विद्यालयहरुमा महिनामा २ दिन स्थानिय सामग्रीको निर्माण गराईने छ ।

३८.प्रत्येक स्थानीय तहमा प्रदेश स्तरीय नमूना विद्यालय स्थापना गर्ने प्रदेशको नीति तथा कार्यक्रम अन्तरगत यस नगरपालिका भित्रको सवै भन्दा ठूलो (विद्यार्थी संख्याका आधारमा) र पूरानो जनप्रकाश माद्यामिक विद्यालय कोल्टीलाई नमूना विद्यालय वनाउन आवश्यक पहल गरिने छ ।

३९.कक्षा १०,११ र १२ का विद्यार्थीहरुलाई लोकसेवा आयोग र शिक्षा सेवा आयोग प्रति आकर्षित हुन र सफलता प्राप्त गर्न आवश्यक कक्षाहरु संचालन गरिने छ ।

४०नगरपालिका भित्रका माद्यामिक विद्यालयहरुमा सिनियर तथा जुनियर रेडक्रस सोसाइटी को स्थापना गरिनुका साथै **Boys and Girls Scout Troop** तालिम सञ्चालन गरिने छ ।

४१.प्रत्येक विद्यालयमा खेलकुद सम्वन्धी कक्षाहरु सञ्चालन गरिने छ ।

४२.जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम २०८० यस नगरपालिकामा सञ्चालन गर्नको लागि आवश्यक पूर्वाधारको विकास गरिने छ ।

४३.विद्यालय व्यवस्थापन समिति को कार्यक्षमता अभिवृद्धि र विद्यालयप्रति उत्तरदायी बनाउन लामो समयसम्म वि व्य स गठन हुन नसकेका विद्यालययहरुमा नयाँ विद्यालय व्यवस्थापन समिति गठन गरिने छ ।

४४. कोल्टीमा रहेको सामुदायिक पुस्तकालयलाई पुनःनिर्माण गरि व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।

४५. सामुदायिक सिकाई केन्द्रहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि आवश्यक कार्यक्रम तय गरिने छ ।

४६. सामुदायिक विद्यालयहरुमा **"सृजनात्मक शुक्रवार"** कार्यक्रम सञ्चालन गरिने छ ।

४७. एक वडा एक नमूना विद्यालय निर्माण गर्नका लागि आवश्यक पहल गरिने छ ।

४८. **"समृद्ध बुढीनन्दा को आधार,सबल शिक्षक, प्रबिधियुक्त र गुणस्तरीय शिक्षा"** भन्ने उद्धेश्यका साथ शिक्षकहरुलाई समयसापेक्ष शैक्षिक पुनर्ताजिगी गराईने कार्यक्रम संचालन गरिने छ ।

४९. स्थानीय पाठ्यक्रम मार्फत खस भाषालाई थप विकसित गर्ने ।

५०. **दौडीन्छ बुढीनन्दा** म्याराथन संचालन गरिने छ ।

## २. स्वास्थ्य सम्वन्धी नीतिः

१. कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रलाई २५ शैया सहितको अस्पतालमा स्तरोन्नतिका लागि शुदूरपश्चिम प्रदेश सरकारसंग साझेदारी गरि आवश्यक प्रकृया अगाडि बढाईने छ ।

२. सङ्क्रामक रोग फैलिन नदिन रोग विरुद्धका अभियान र नसर्ने रोगको उपचारका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

३. न्यूनतम सेवा मापदण्डका आधारमा स्वास्थ्य संस्थाको मूल्याङ्कन गरि स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहमा सुधार गर्दै लगिने छ।

४. महिलाहरुको प्रजनन स्वास्थ्य तथा पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको निःशुल्क शीघ्र पहिचान र प्रारम्भिक उपचारको लागि विशेष कार्यक्रमको आयोजना गरिने छ ।

५. हाल संचालनमा रहेका प्रसूति केन्द्रहरूलाई समयानुकल व्यवस्थित गर्दै लगिने छ ।

६. आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक ९८ प्रकारका औषधीहरुनियमित उपलब्ध हुने व्यवस्था मिलाईने छ।

७. ज्येष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियत प्रदान गरिने छ।

८. दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला र दुर्घटनामा परी ज्यान जोखीममा परेका व्यक्तिहरुको सरकारको हवाई उद्धार कार्यक्रमसंग समन्वय गरि व्यवस्थित र प्रभावकारी बनाईने छ।

जनक कुमार बोहरा
नगर प्रमुख

जनक कुमार बोहरा
नगर प्रमुख

९. आगलागि, डढेलो, दुर्घटना र आपराधिक क्रियाकलापबाट सख्त घाइते भएकालाई शीघ्र उद्धार गरि उपचार गर्न एम्बुलेन्स सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीलाई एकीकृत रूपमा परिचालन हुनेगरि नगर स्तरीय आकस्मिक सेवा प्रणाली सञ्चालनमा ल्याइने छ।

१०. **"स्वस्थ बुढीनन्दा को बहार, घरदैलोमा गुणस्तरीय स्वास्थ्य उपचार"** भन्ने मूल नाराका साथ नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न एन सी डी कार्यक्रममार्फत दिर्घरोगीहरुलाई औषधिव्यवस्थापन तथा स्वास्थ्य परीक्षणको व्यवस्थापन गरिने छ।

११. स्वास्थ्य शाखाको सूचनालाई प्रभावकारी बनाउन ड्यासबोर्ड कार्यक्रम सञ्चालन गरिने छ ।

१२. आत्महत्या नियन्त्रणका लागि मानसिक तथा मनोसामाजिक नीति अनुरुप **"उपचार अभियान"** को कार्यक्रम सन्चालन गरिने छ ।

१३. छाउगोठको प्रयोगलाई निरुत्साहित गरि महिनावारी सम्बन्धी जनचेतना अभिबृद्धि गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१४. पोषणमैत्री शासन युक्त नगर तथा क्षयरोगमुक्त नगर घोषणा अभियानको सुरुवात गरिने छ ।

१५. **"स्वास्थ्य विमा, नगरको जिम्मा"** भन्ने मूल नाराका साथ असहाय, फरक क्षमता भएका, दीर्घ क्षयरोगीहरुलाई निःशुल्क स्वास्थ्य विमामा आबद्ध गरि विमितहरुको गुणस्तरीय सेवालाई मध्यनजर गरि कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा अल्ट्रासाउण्ड, कुलटर काउन्टर जस्तै रोग निदान गर्ने उपकरणहरुको व्यवस्थापन गरिनुका साथै सहजरुपमा औषधी उपलब्धताका लागि फार्मेसी सेवा सहितको स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी रुपमा लागू गरिने छ ।

१६. आम सञ्चार माध्यमबाट नगरमा भए गरेका स्वास्थ्यय सम्बन्धीकार्यक्रमहरु र स्वास्थ्य शिक्षा जनस्तरसम्म पुर्‍याउन सूचना तथा संचार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१७. नागरिकहरुको रोग प्रतिरोधी क्षमता बृद्धिका लागि परम्परागत तथा आयुर्वेदिक चिकित्सा पद्धतिको प्रवर्द्धन गरिने छ ।

१८. नगरवासी कृषकहरुलाई टि.टि. खोपको व्यवस्था गरिने छ ।

१९. कुपोषित बालबालिकाहरुको उपचारका लागि स्वास्थ्यचौकी स्तरमा ओ टि सी सेवा संचालान गरिने छ

२०. पाण्डुसैन स्वाथ्य चौकिमा प्रयोगशाला सेवा सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२१. सबै स्वास्थ्य संस्थाहरुमा गर्भवती जाँच गर्नका लागि अल्ट्रासाउण्ड सेवा घुम्ती सेवा मार्फत प्रदान गरि प्रसूतिसेवा केन्द्रको स्तरोन्नति गरिने छ ।

२२. कोल्टीमा आकस्मिक रक्तसञ्चार सेवालाई व्यवस्थित गरिने छ ।

२३. युवा तथा किशोरकिशोरीहरुलाई लागू औषध तथा दुर्व्यसन सम्बन्धी चेतना अभिबृद्दि गरिनुका साथै विघालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ ।

जनक कुमार बोहरा
नगर प्रमुख

जनक कुमार बोहरा
नगर प्रमुख

२४. नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको स्थापना, औषधी पसल सञ्चालन, अनुमति तथा नविकरण जस्ता कार्यहरुलाई नियन्त्रण र नियमन गर्न आवश्यक मापदण्ड बनाई लागू गरिने छ ।

२५. गाउँ घर क्लिनिकका माध्यमवाट जनताको घरदैलोसम्म स्वास्थ्य सेवा प्रदान गरिने छ ।

२६. वडाको स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मीहरुलाई विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न परिचालन गरिने छ । पालिका भित्र रहेका कक्षा ८ देखि १२ सम्म सँचालित विद्यालयमा एक स्कुल एक चिकित्सक कार्यक्रम संचालन गरिने छ ।

## ३. कृषि तथा पशुसेवा सम्वन्धी नीतिः

१. कृषिलाई व्यावसायिक, आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील पेशाको रुपमा विकास गरिने छ । महिला, वैदेशिक रोजगारीबाट फर्केका युवाहरु तथा वेरोजगार युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गरिने छ ।

२. वास्तविक कृषकहरुलाई सरल एवं सहज ढंगले तरकारी बिउ, फलफूल विरुवा खरिद, बगैंचा घेरवार, सिंचाई, र नविनतम प्रविधि हस्तान्तरणमा अनुदान उपलव्ध गराउने नीति लिइनेछ ।

३. कृषियोग्य भूमिको नियमित माटो परीक्षण गराई कृषकहरुलाई प्राङ्गारिक मल, विषादी वनाउने र प्रयोग गर्ने विधी जस्ता कार्यमा प्राविधिक सेवा उपलव्ध गराईने छ ।

३.१ प्राविधिकहरु कृषकको खेत, बारी, गोठ तथा फर्म मै पुगी कृषि तथा पशुपंक्षीपालन सम्बन्धी प्राविधिक सेवा दिने व्यवस्था मिलाईने छ ।

४. कृषकहरुलाई <u>कम लागतमा वढी फाईदा</u> हुने क्षेत्रको पहिचान गरि सोही क्षेत्रमा लगानी गर्न आकर्षित गरिने छ ।

५. कृषि उपजको संकलन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६. जलवायु परिवर्तन, रोगको प्रकोप एवं प्राकृतिक विपदबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनीकरण गर्न पशुपंक्षी तथा वाली विमा र जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गरि साझेदारी र सहकार्यमा लगानी सुरक्षण गरिने छ ।

७. **"घर तपाइको प्लाष्टिक र बिउ हाम्रो कार्यक्रम"**लाई अभियानको रुपमा अगाडि बढाईनेछ

८. व्यावसायिक रुपमा कृषि उत्पादन गर्ने कृषकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिने छ ।

९. गाई, भैंसी, भेडा बाख्रा, बंगुर, माछा तथा कुखुरापालन अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरि दुध, मासु र अण्डामा आत्म निर्भर बनाउने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०. किसानलाई पशु विमातर्फ प्रोत्साहित गरिने नीति अवलम्वन गरिने छ ।

११. **कृषकसँग नगर प्रमुख** कार्यक्रम सञ्चालन गरिने छ ।

जनक कुमार बोहरा
नगर प्रमुख

जनक कुमार बोहरा
नगर प्रमुख

१२. पशुपन्छी महामारी रोग विरुद्ध खोप तथा पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिने छ ।

१३. सम्भावना भएका वडाहरुमा कृषि तथा पशुजन्य पकेट/ब्लक क्षेत्र स्थापना गरिने छ ।

१४. नगरपालिकाको उपर्युक्त स्थानमा लोकल कुखुरा ह्याचरी स्थापना गरिने छ ।

१५. तेलन वाली तथा ढटेलो संरक्षण गरि उत्पादन वढाई तेल उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गरिने छ

१६ खेताला तथा नोराला प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७. कृषि उपज प्रबर्धन तथा बजारीकरणका लागि पब्लिक लिमिटेड कम्पनि स्थापना गरि "एक घर बिस शेयर" कार्यक्रम सञ्चालन गरिने छ ।

१८.कृषि उपज संकलन तथा बजारीकरणका लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिने छ ।

१९. रैथाने वाली संरक्षण, प्रबर्धन र बजारीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

२०. विभिन्न जंगली फलफूल ( मलयो , चुत्रो ,काफल , भक्कुणो ,घगारू , मेल ,पुडिनु/पुणिनु , गुल्फा ) तथा जंगली तरकारी/साग , जिम्बु /फरन , पदमचारो ,सत्व आदिलाई ड्राई फ्युट बनाई बजारमा बिक्री वितरण गर्नका लागि प्रारम्भिक अध्ययन गर्ने ।

## ४. पूर्वाधार विकास सम्वन्धी नीतिः

१. यसै आर्थिक वर्ष भित्र जग्गा उपलव्ध भएका वडाहरुमा वडा कार्यालय भवनहरु निर्माण गरिने छ ।

२. कोल्टी प्राथमिक स्वास्थ्य केन्द्र गेट अगाडिको खाली जग्गामा व्यवसायीक भवन निर्माण गरिने छ ।

३.नगरपालिका भित्र रहेका लघुजलविधुतहरुलाई निरन्तर रुपमा वत्ती वल्ने गरि प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ ।

४ नगरपालिका भित्रको सञ्चार सेवालाई प्रभावकारी वनाउन सेवा तथा एनसेल फोन सेवा विस्तारको लागि आवश्यक पहल गरिने छ ।

८ नेपाल टेलिकमको निर्माणाधीन वडा नं. ८ मा रहेको हर्साली टावर निर्माण कार्य छिटो सम्पन्न गर्न पहल गरिने छ ।

९ चाफारुख लमालवाडा झुलोङ्गे पुल निर्माणको लागि पहल गरिने छ ।

१० नगरपालिका भित्रका अधुरा सडक निर्माण कार्य यसै आर्थिक वर्ष सम्पन्न गर्ने गरि कार्य सञ्चालन गरिने छ ।

११ .नगरपालिका भित्रका सबै वडा तथा उत्पादन क्षेत्रलाई जोडिने गरि रिङरोड निर्माणको लागि सम्भाव्यता अध्ययन तथा निर्माण लागि पहल गरिने छ ।

१२. कोल्टीबजारको तल्लो वजार क्षेत्रको सडक स्तरोन्नतिको काम अगाडि वढाईने छ ।

जनक कुमार बोहरा
नगर प्रमुख

जनक कुमार बोहरा
नगर प्रमुख

१३. **"यातायात पूर्वाधार आर्थिक विकासको आधार"** भन्ने भनाईलाई आत्मसात गर्दै नगरपालिकामा रहेका सम्पूर्ण स्थानीय सडकहरुको स्तरउन्नति गरिने छ ।

१४. बुढीनन्दा नगरपालिका विभिन्न खोलावाट गैर कानूनि रुपमा संकलन/निकासी हुने ढुङ्गा,गिट्टी र वालुवालाई कानूनि रुपमा आवश्यक निति बनाई करको दायरामा ल्याइने छ।

१५. नगरपालिकाभित्र बन्ने नयाँ संरचना (भवन,घर) निर्माण गर्नुपुर्व नक्सा पास गरेर मात्र संरचना बनाउने नितिलाई आवश्यक प्रक्रियाका आधारमा लागु गरिने छ ।

१५.कोल्टी शिवपार्क क्षेत्रमा बहुउद्देश्यिय भवन निर्माण गरिने छ ।

## ५. उद्योग,वन पर्यटन तथा युवा रोजगारीः

१. नगरपालिका भित्र स्थापना भएका घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन तथा प्रबर्धन गर्ने नीति अवलम्वन गरिने छ ।

२. घरेलु तथा साना उद्योग वाट उत्पादित वस्तुहरुलाई वजारीकरण गर्न आवश्यक अनुदान सहयोग प्रदान गरिने छ ।

३. यस नगरमा संचालित उद्योग र सबैखाले व्यवसायलाई नियमन र करको दायरामा ल्याई व्यवस्थित गरिने छ ।

४. घरेलु तथा साना उद्योग सञ्चालन गर्न चाहने आन्तरिक तथा वाह्य लगानी कर्तालाई दर्ता शुल्क र नगरपालिकाले लिने सवै प्रकारका शुल्कहरुमा २ वर्षसम्म कर छुट गरिने छ ।

५. यस नगरपालिकामा पाईने स्थानीय कच्चा पदार्थलाई उपयोग गर्न ऊन, अल्लो भाँग्रो,कागज प्रशोधन तथा विभिन्न सामाग्री उत्पादन गर्न उद्योग स्थापनाको लागि कार्यक्रम सञ्चालन गरिने छ ।

६. पर्यटन प्रबर्धनका लागि उपयुक्त गाउँवस्तिहरुमा होमस्टे सञ्चालन गरिने छ ।

७. यस नगरपालिकामा अवस्थित कोल्टी बजारलाई व्यवस्थापन गरि हिमाली शहरको रुपमा विकास गर्न आवश्यक पहल गरिने छ ।

८. **"एक वडा एक युवा व्यवसाय"** कार्यक्रम सञ्चालन गर्न रोजगारमूलक तालिम, र अनुदानको व्यवस्था गरिने छ ।

९. **"आफ्नो सिप आफ्नो गाउँ, यसैक्षेत्रको विकासको लागि पसिना बगाऔं"** भनाईलाई आत्मसात गर्दै युवाहरुलाई स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१०. नगरपालिकाको ऐतिहासिक,धार्मिक, प्राकृतिक गन्तव्यको पहिचान गरि उक्त क्षेत्रको विकास र प्रबर्धन गरिने छ ।

११.साँस्कृतिक तथा धार्मिक सम्पदाको संरक्षण गरिने छ ।

जनक कुमार बोहरा
नगर प्रमुख

१२. जडीबुटीको प्रचुर सम्भावना रहेको क्षेत्रवाट संकलित हुने जडीबुटीहरुलाई प्रशोधन गर्न जडीबुटी प्रशोधन केन्द्र स्थापनाका लागी आवश्यक पहल गरिने छ ।

## ६.सहकारी सम्वन्धी नीतिः

१. "एक वडा एक सहकारी संस्था"को स्थापना गर्ने नीति लिईनेछ ।

२. पहिला स्थापना भई ऋण असुली हुन नसकी टाट पल्टेका, अन्य विविध कारण सञ्चालनमा नरहेका वा निष्कृय रहेका सहकारी संस्थाकोको पुनर्जीवन,पुनर्गठन र नियमन गर्न सहकारी सँस्था सुधार कार्यक्रम सञ्चालन गरिने छ ।

३. सञ्चालनमा रहेका सहकारी संस्थाहरु को संस्थागत सुधार, विकास प्रभावकारी सञ्चालनको लागि नियमित ,अनुगमन, नियमन् तालिम र कोपोमिस मा अनिवार्य आवद्धता गर्न प्रेरित गरिने छ ।

४ नगरपालिकावाट सञ्चालन गरिने विभिन्न कृर्षि, पशुपालन तथा अन्य सामाजिक कार्यहरु सहकारी मार्फत सञ्चालन गर्न सहकार्य गरिने छ ।

४ नगरपालिकाका विभिन्न स्थानमा सस्तो खाद्यान्न पसल संचालन गरिने छ ।

## ७. वन तथा वातावरण संरक्षण नीतिः

१. दर्ता भएका सामुदायीक तथा कवुलित वनहरुको लगत संकलन तथा निष्कृय रहेका सामुदायीक वन हरुलाई पुनरगठन गरि सञ्चालन गर्ने नीति लिईने छ ।

२. नगरपालिका भित्रका प्रतिबाँजो, खाली जमिन , खोला किनार सडक तथा वाटोको छेउछाउमा बृक्षारोपण कार्यक्रम तथा वन विस्तार कार्यक्रम सञ्चालन गरिने छ ।

३. "एक घर एक फलफूल विरुवा" कार्यक्रम सञ्चालन गरिने छ ।

४. डिभिजन वन कार्यालय , इलाका वन कार्यालय संग समन्वय गरि नर्सरीको स्थापना ,विरुवाहरु को उत्पादन कार्य यसै वर्ष देखि सञ्चालन गरिने छ ।

५. यस नगरपालिका भित्रका हिमाली क्षेत्रमा पाईने बहूमुल्य जडीबुटी संरक्षण, चोरी निकासी नियन्त्रण कार्यलाई अझ प्रभावकारी रुपमा सञ्चालनको नीति लिइने छ ।

६. जलवायु परिवर्तनवाट आउन सकिने सम्भावित चुनौतिहरुको सामना गर्न नागरिको जीवन शैली ,उत्पादन ,उपभोगका विषयहरुमा जलवायु अनूकुलन कार्यक्रम सञ्चालन गरि नागरिको ज्ञान सिप र क्षमता अभिवृद्धि गरिने छ ।

## ८.खानेपानी तथा सरसफाई नीतिः

१.कोल्टी वजारमा रहेको खानेपानीको समस्या दीर्धकालीन रुपमा समाधान गर्न रणनीति योजना तयार गरि लागू गरिने छ ।

२. कोल्टी वजारको सरसफाईलाई ध्यानमा राखी ढल निकासलाई व्यवस्थित गरिने छ ।

जनक कुमार बोहरा
नगर प्रमुख

३. नगरपालिका भित्र उपयुक्त स्थानमा फोहर व्यवस्थापनको लागि डम्पीङ साईडको निर्माण कार्य सञ्चालन को लागि पहल गरिने छ ।

४. "एक घर एक धारा" निर्माणका लागि सहयोगी निकायहरुसंग साझेदारी गरि कार्यान्वयन गरिने छ ।

५. नगरपालिकाभित्र रहेका सम्पूर्ण खानेपानी मुहान संरक्षण गर्न सबै उपभोक्ता समितिलाई परिचालन गरिने छ ।

६. खानेपानीलाई नियमित रुपमा वितरण गर्नका लागि आवश्यक योजना बनाई कार्यान्वियन गरिने छ ।

## ९. सामाजिक विकास नितिः

१. बुढीनन्दा नगरपालिकाको वडा नं १ पादुका, वडा नं २ दानसाँगु र वडा नं ८ को नारीघाटमा सवदाहगृह निर्माण गरिने छ ।

२. हिंसा पिडीत महिला, बालवालिका तथा जेष्ठ नागरिकहरुका लागि अस्थायी आश्रयस्थलको व्यवस्थापन गरिने छ ।

३. लागूऔषध तथा दुर्व्यसनी न्यूनीकरणका लागि सबै सरोकारवालासंग समन्वय र सहकार्य गरि कार्यक्रम सञ्चालन गरिने छ ।

४. बाढी तथा प्रकोपजोखिमक्षेत्रका बस्तिहरुलाई पुनःस्थापना तथा वस्ती स्थानान्तरणका लागि आवश्यक पहल गरिने छ ।

५. गरिव तथा विपन्न समुदायका नागरिकका अतिरिक्त यस नगरपालिकामा बसोवास गरिरहनु भएका हलिया खलिया लक्षित आयआर्जन तथा सिपमूलक तालिम सञ्चालन गरिने छ ।

६. भाषा कला ,सभ्यता , रीतिरिवाज , चाडपर्व (भुवो , अनन्ते , हरिना , दशैं, तिहार , चैते दशैं, चैतलो ) , देउडा ,मागल , हुड्के आदिको संरक्षण, प्रवर्द्धन गर्ने ।

७. शिलालेख , अभिलेख , पूराना धार्मिक महत्व बोकेका चौपता (चौतारा) , पाटी पौवा , कुवा , काँध/खाँध /भञ्याङ हरूको संरक्षण गर्ने ।

८. खाद्य तथा पोषण सुधारका लागि सहयोगी निकायहरुको साझेदारीमा कार्यक्रम संचालन तथा योजना निर्माण गरिने छ ।

९. श्रमको सम्मान, राष्ट्रिय अभियान कार्यक्रम संचालन गरिने छ ।

## १०. संस्थागत सुशासन तथा पारदर्शीता नीतिः

१. कार्यालयमा नियमितता, कर्तव्यनिष्ठ र कार्य जिम्मेवारीको मूल्यांकनका आधारमा कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन प्रदान गरिने नीति लिईने छ ।

जनक कुमार बोहरा
नगर प्रमुख

जनक कुमार बोहरा
नगर प्रमुख

२. आन्तरीक राजश्व प्रणालीलाई व्यवस्थित गर्न नगरपालिकामा र नगरपालिकाका सबै वडाहरुमा अनलाईन राजश्व संकलन गर्न आवश्यक नीति र बजेट व्यवस्थापन गरिने छ ।

३. राजश्व प्रशासनको क्षमता अभिबृद्धि र राजश्व परिचालनको क्षेत्र अभिबृद्धि गर्न स्रोत पहिचान तथा कार्यक्रम सञ्चालन गरिने छ ।

४. राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिबृद्धि समन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

५. संघ सरकार, प्रदेश सरकार तथा अन्तरपालिकाहरु संघै सहयोगी निककायहरुसंगको सहकार्यमा सञ्चालन हुने सबै खाले अभियान,विभिन्न शिविरहरु लगायत कार्यहरुमा समन्वय सहकार्य गरि सामाजिक सेवा प्रदान गरिने छ ।

६. कार्यालयको सेवा प्रवाह सञ्चालनका लागि स्वीकृत संरचनाका कर्मचारी पदपूर्ति नहुञ्जेल आधारभूत सेवा सञ्चालनका लागि करार सेवामा कर्मचारीहरुको पदपुर्ति गरिने छ ।

७. विकासका सबै खाले योजनाहरुको अनुगमन मूल्याकंन गर्ने परिपाटीलाई चुस्त दुरुस्त गर्न र गुणस्तर कामको शुनिश्चितताका लागि आवश्यक योजना बनाई कार्य थालनी गरीनुका साथै ३० लाख भन्दा माथीका आयोजना/योजनाहरु ईविडीङ्ग बाट लिईने कार्यक्रमलाई निरन्त्रता दिईने छ ।

८. जनतालाई न्यायिक जानकारी दिन वडाका सबै टोलहरुमा **टोल टोलमा न्यायिक समिति** कार्यक्रम सञ्चालन गरिने छ ।

९. नगरपालिकाको नगरप्रोफाईल बनाउन आवश्यक पहल गरिने छ ।

१०. न्यायिक निकायहरुसंगको समन्वय र सम्बन्ध विस्तार गरि स्थानीय न्यायिक समितिलाई थप मजबुत बनाउन न्यायिक क्षमता विकास र संस्थागत सुदृढीकरणका कार्यहरुलाई जोड दिईने छ ।

११. खादालाई निरुत्साहित गर्दै फुलको माला र गुच्चालाई प्रोत्साहन गरिने छ ।

१२. गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्य गर्नका लागि गैरसरकारी संस्था समन्वय संयन्त्र बनाई एकद्धार प्राणाली अबलम्बन गरिने छ ।

१३. **"मेरो एक दिन,नगरका लागि श्रमदान"** अभियान सञ्चालन गरिने छ ।

१४. नगरपालिकाभित्रको अतिक्रमित सरकारी, सार्वजनिक जग्गा, बाटोलाई ब्वस्थापन गर्न आवश्यक नीति तर्जुमा गरि कार्यान्वयन गरिने छ ।

१५. कोल्टी बजारको मुख्य स्थानहरुमा सि.सि.टी.भि. जडान, सौर्य सडक बत्तिलाई व्यवस्थित चलायमान राख्दै थप स्थानहरुमा सौर्य बत्ति जडान गरिने छ ।

१६. गाउ घरका जेष्ठ नागरिक , असक्त एकल महिला ,वालवालिकाहरुको सामाजिक सुरक्षा कार्यक्रम लाई गाउँ -गाउँ गई नगद भुक्तानी शिविरलाई ब्ववस्थित गरिने छ ।

१७. भ्रष्टाचार अन्त्यका लागि साझा अभियान कार्यक्रम सञ्चालन गरिने छ ।

जनक कुमार बोहरा
नगर प्रमुख

१८. आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न प्रथम चौमासिकभित्र सम्झौता गरि चैत्र मसान्तभित्र भुक्तानी गर्ने प्रणालीलाई व्यवस्थित गरिने छ ।

१९. सेवाग्राहीहरुले भोग्दै आएका झन्झट तथा समस्याहरुको गुनासो सुन्ने संयन्त्रको विकास गरि पालिकादेखी वडाकार्यालय सम्म नागरिक वडापत्र जारी गरिने छ ।

२०. योजना तथ्याङक तथा अनुगमनलाई प्रभावारी रुपमा कार्यान्वयन गर्नका लागि कर्मचारीलाई प्रशिक्षण गरि आवश्यक स्रोत साधनको ब्यवस्था गरिने छ ।

२१. यस नगरपालिकामा प्राप्त तथा विनियोजित सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई तथा समीक्षा गर्ने कार्यालाई प्रभावकारीरुपमा सञ्चालन गरिने छ ।

२२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self Assesment ) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कनको बारेमा जनप्रतिनधि तथा कर्मचारीलाई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।

## ११. महिला वालवालिका तथा जेष्ठ नागरिक नीतिः

१. महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव वित्तीय तथा कानुनी ,हिंसा अन्त्य गर्न महिला जागरण ,कुरीति , साक्षरता र सशक्तिकरण कार्यक्रमहरु वडा तहबाट समेत संचालन गरिने छ ।

२. बाबुआमा बिहिन बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

३. बालमैत्री स्थानीय शासन तह घोषणा गर्न आवश्यक पर्ने नितिगत ब्यवस्थाको जानकारी गराउन र अवलम्न गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।

४. ज्येष्ठ नागरिकमा रहेको ज्ञान सीप र ,अनुभव पुस्तान्तरण र हस्तान्तरण गर्न वडाको समन्वयमा ज्येष्ठनागरिक मिलन केन्द्रको स्थापनागरिने छ  वडामा रहेका ज्येष्ठ । नागरिक मिलन केन्द्रहरुसंग सहकार्य गरि कार्यक्रमे संचालन गरिने छ । ज्येष्ठ नागरिकहरुलाई मानसिक एवम् शारीरिक रुपमा सक्रिय बनाउन विभिन्न कार्यक्रम संचालन गरिने छ ।

५. नगरपालिकाभरिका सबै सामुदायिक विद्यालयहरुमा विद्यालय स्तरीय वाल क्लव गठन पुःनरगठन तथा वडा स्तरीय वाल क्लव संजालहरुलाई नितिगत ब्यवस्था अनुसार प्रभावकारी संचालन गर्नका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

६. जेष्ठ नागरीक सम्मान कार्यक्रम संचालन गरिने छ ।

७. ऐन कानून अनुसार उमेर नपुगी बिवाह गर्ने परिपाटीलाई निरुत्साहित गर्दै "बिहेवारी विस वर्ष पारी" कार्यक्रम संचालन गर्न आवश्यक योजना वनाइ संचालन गरिने छ ।

## १२.विपद व्यवस्थापन सम्बन्धी नीति :

१. विपद व्यवस्थापनका लागि जनस्तर तथा विद्यालयस्तरमा विपद सचेतना उद्धारको अभ्यासको कार्यलाई, । निरन्तरता दिइनेछ आगोबाट हुने जोखिम न्यूनीकरण गर्न विशेष सचेतनाका कार्यक्रमहरु संचालन गरिने छ ।

२. दैबी प्रकोप वा प्राकृतिक प्रकोपवाट उत्पन्न हुने मानवीय क्षति न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक योजना बनाई कार्य गरिने छ ।

३. नगरपालिकाको विपद प्रतिकार्य योजना निर्माण गर्न र समयानुकूल संशोधन गर्न सहयोगी निकायहरुसंगको सहकार्यमा व्यवस्थित बनाईने छ ।

## १३. सूचना तथा सञ्चार नीतिः

१. वेबसाइट, ग्रुप एस.एम.एस., डिजिटल सूचना पाटी, मल्टीमिडीया, सामाजिक संजाल लगायतका माध्यमहरु प्रयोग गरेर सूचना प्रवाहलाई प्रभावकारी बनाईने छ ।

२. रेडियो कार्यक्रम, पत्रपत्रिकामा मुद्रित लेखको माध्यमबाट सम्मानित जनतालाई सुसूचित गराउनुका साथै जनतासंग स्थानीय सरकारको सम्बन्ध विस्तार गराईने छ ।

३. विभिन्न सूचना प्रविधी प्रणाली तथा सफ्टवेयरहरुको स्थापना तथा कर्मचारीहरुको सूचना प्रविधि सम्बन्धि सिप विकास गरि कार्यालयको सेवाहरु सूचना प्रविधीमैत्री बनाई सुशासनको लागि बिद्युतीय शासनको प्रयोगमा जोड दिईने छ ।

४. रेडियो कार्यक्रम बुढीनन्दा सरोकार संचालन गरीने छ ।

सभामा उपस्थित नगर उप प्रमुख तथा नगरसभाका सदस्यज्यूहरु,

बुढीनन्दा नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक र साँस्कृतिक क्षेत्रहरुको समतामूलक विकासका लागि "आत्मनिर्भर अर्थतन्त्रःसुशासनयुक्त **बुढीनन्दा** " को आकांक्षा पूरा गर्ने अठोटका साथ आर्थिक वर्ष ०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । आर्थिक पारदर्शीता र सुशासन कायम गराएको खण्डमा नगरको विकास र समृद्धीको सपना पूरा हुने र नीति कार्यक्रमको प्रभावकारी कार्यान्वनका लागि सबैक्षेत्रवाट योगदान हुनेछ भन्ने बिश्वास लिएको छु ।

बुढीनन्दा नगरपालिकाको समग्र विकासका लागि सुझाव सल्लाह दिनुहुने सम्पूर्ण राजनैतिकदलहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, निजीक्षेत्र, नागरिक समाज, सुरक्षाकर्मी र संचारजगतका सम्पूर्ण सहयोगीलाई र बुढीनन्दा नगरपालिकाका सम्पूर्ण आमाबुवा, दाजुभाई, दिदीवहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

बुढीनन्दा नगरपालिकाका सम्पूर्ण जनताहरुको स्वस्थ एवं दिर्घायु सहित समृद्धिको कामना व्यक्त गर्दै बिदा हुन्छु ।

(धन्यवाद)